# नागार्जुन नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड (७), काठमाडौं** **मंसीर २१ गते, २०८० साल** **(संख्याः ६)**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/०६


### भाग २

# सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि,२०८०

**प्रस्तावना**

नागार्जुन नगरपालिकाको पारित नीति तथा कार्यक्रम, मेयर उद्यमशिलता विकास कार्यक्रम निर्देशिका, २०८० को उद्देश्य हासिल गर्न नगरबासीलाई उद्यम तथा व्यवसायमा आकर्षित गरी नगरको समग्र आर्थिक विकास र स्वरोजगारी अभियानलाई प्रभावकारी बनाउन, बेरोजगार नागरिकहरूलाई नगरभित्र रोजगारीका अवसरहरू सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरूले विदेशमा आर्जन गरेको सिप, ज्ञान र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशीलता एवं क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सिप र पेशालाई आधुनिकीकरण एवं प्रबर्द्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका नागरिकहरुलाई कृषि, पशुपन्क्षी पालन, पर्यटन व्यवसाय लगायतका विभिन्न क्षेत्रहरुमा उद्यमी एवं व्यवसायी बनाउन सम्बन्धित बैंक तथा वित्तिय संस्थाले प्रदान गर्ने सहुलियतपूर्ण कर्जामा नगरपालिकाको तर्फबाट ब्याज अनुदान सहायता प्रदान गर्न नागार्जुन नगरकार्यपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाको मिति............ को बैठकले सहुलियतपूर्ण कर्जामा उद्यम

व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि,२०८० पारित गरि जारी गरिएको छ ।

## परिच्छेद—१

## संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम **सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८०** रहेको छ ।

(२) यो कार्यविधि नागार्जुन नगरकार्यपालिकाबाट पारित भै राजपत्रमा प्रकाशित भएको मिति देखि तुरुन्त लागु हुनेछ ।

## परिच्छेद—२

## परिभाषा

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनका लागि

(क) **“नगरपालिका”** भन्नाले नागार्जुन नगरपालिकाकालाई सम्झनु पर्दछ ।

(क) **“बैंक”** भन्नाले यस कार्यविधि अनुसार उद्यमकर्जा प्रवाह गर्ने वित्तिय संस्था तथा वाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

(ख) **“नगर क्षेत्र”** भन्नाले नगरपालिकाको क्षेत्रलाई सम्झनु पर्दछ ।

(ग) **“उद्यम व्यवसाय”** भन्नाले यस कार्यविधिको अनुसूचि—१ मा उल्लेख गरिएका क्षेत्रहरुमा श्रम, सिप, अनुभव, ज्ञान तथा पुँजी—प्रविधि लगानी गरी गरिएको व्यवसाय सम्झनुपर्दछ ।

(घ) **“सहुलियतपूर्ण उद्यम कर्जा”** भन्नाले यस कार्यविधिको अनुसुचीमा—१ मा उल्लेखित गरिएका क्षेत्रहरुमा उद्यम व्यवसायका लागि वाणिज्य बैंकहरुले प्रवाह गरेको कर्जा सम्झनु पर्दछ ।

(ङ) **“ब्याज अनुदान”** भन्नाले यस कार्यविधिको अनुसुची—१ मा उल्लेखित गरिएका क्षेत्रहरुमा उद्यम व्यवसायका लागि वाणिज्य तथा वित्तिय संस्था बैंकहरुले प्रवाह गरेको कर्जामा नगरपालिकाले सहुलियपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० बमोजिम दिईने ब्याज अनुदानलाई सम्झनु पर्दछ ।

(च) **“बैंक”** भन्नाले नगरपालिका जमानीमा वसि सिफारिस गरे बमोजिमका उद्यम तथा व्यवसायमा प्रवाह गरिने सहुलियत कर्जामा सहकार्य गर्न सम्झौता भएको “क” वर्गको वाणिज्य बैंकलाई सम्झनु पर्दछ ।

## परिच्छेद—३

## <u>उद्यम तथा व्यवसाय कर्जामा प्रदान गरिने ब्याजअनुदान सम्बन्धी व्यवस्था</u>

३. **<u>उद्यम तथा व्यवसाय कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी व्यवस्थाः</u>**

(१) वैदेशिक रोजगारीबाट फर्की आएका तथा नगर क्षेत्रमा रहेका, उद्यम एवं व्यवसाय गर्न चाहने नगरपालिकामा स्थायी बसोबास भएका वेरोजगारहरुलाई अनुसूची —१ मा उल्लेखित उद्यम व्यवसायहरुकालागि बैंकबाट वितरित सहुलियतपूर्ण कर्जामा नगरपालिकाको तर्फबाट थप ब्याज अनुदान प्रदान गरिनेछ ।

(२) यस्तो ब्याज अनुदान यो कार्यविधि लागु भएपछि सहुलियतपूर्ण कर्जा लिने ऋणिहरुलाई नगरपालिकासँग भएको सम्झौता बमोजिम उपलब्ध हुनेछ ।

(३) परिच्छेद—३ को (१) बमोजिमको व्यवसाय गर्दा लिने कर्जामा वित्तिय संस्था तथा वाणिज्य बैंकले ऋणी उद्यम व्यवसायीबाट नेपाल राष्ट्र बैंकको ब्याज अनुदानका लागि सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ अनुसार लगानी गर्नु पर्नेछ । तर उक्त कार्यविधि अनुसार प्राप्त सहुलियत ब्याज अनुदानमा नपुग बाँकी सम्पूर्ण ब्याज अनुदानमा नगरपालिकाको तर्फबाट सोधभर्ना दिई ......... प्रतिशत व्याज अनुदान कार्यक्रम संचालन गरिनेछ ।

(४) ब्याज अनुदान प्राप्त गर्ने उद्यम व्यवसाय सहुलियतपूर्ण कर्जाको अधिकतम सीमा ब्यवसायिक योजना अनुसार बढीमा १ लाख देखि २ लाखसम्म हुनेछ ।

(५) यस कार्यविधि बमोजिम सम्झौता भए अनुसारका वित्तिय संस्था तथा वाणिज्य बैंकलाई ब्याज अनुदान प्राप्त हुने गरी नगरपालिकाले ग्यारेण्टी स्वरुप व्याज अनुदान कोषको रुपमा कर्जा सुरक्षण दिने गरि रकम जम्मा गर्नेछ । बैंकले नगरपालिको सिफारिस अनुसार उद्यमी तथा व्यवसायीहरुलाई सहुलियतपूर्ण ऋण प्रवाह गर्न सक्नेछ ।

(६) यस कार्यविधि बमोजिम ब्याज अनुदान दिईने सहुलियतपूर्ण उद्यम व्यवसाय कर्जाको भुक्तानी अवधि बढीमा ५ (पाँच) वर्षको हुनेछ । ऋणीले ब्याज अनुदान पाउने रकम वाहेक अरु लागेको सेवा शुल्क, किस्ता लगायतका रकम बैंकलाई संझौता अनुसार भुक्तानी गर्नु पर्नेछ ।

(७) अनुसूची - १ मा उल्लेखित कार्यक्रमहरुका लागि ब्याजदर अनुदानको प्रतिशत प्रत्येक आर्थिक वर्षको सुरुमा मेयर उद्यमशीलता विकास कार्यक्रम सञ्चालक समितिको सिफारिसमा आवश्यकता अनुसार बैंक र नगरपालिकाको आपसी सहमतीका आधारमा पुनरावलोकन गर्न सकिने छ ।

(८) उद्यमी ब्यवसायीले तयार पारेका व्यवसायीक स्मिकका आधारमा सहकार्य गर्ने बैंकले गर्ने लगानीमा नगरपालिकाले संझौता बमोजिम ब्याज अनुदान अधिकतम् ५ (पाँच) बर्षका लागि मात्र उपलब्ध गराउनेछ ।

## परिच्छेद—४

## मेयर उद्यमशीलता विकास कार्यक्रम कर्जामा प्रदान गरिने ब्याज अनुदान रकमको भुक्तानी प्रक्रिया

### ४. मेयर उद्यमशीलता विकास कार्यक्रम कर्जामा प्रदान गरिने ब्याज अनुदान रकमको भुक्तानी प्रक्रिया

(१) ब्याज अनुदान स्वरुप प्रदान गरिने रकम उपलब्ध गराउने प्रयोजनको लागि नगरपालिकाले ब्याज अनुदान दिन छनौट गरेको बैंकमा "उद्यमशीलता विकास कार्यक्रम" नामको खाता खोल्नेछ । नगरपालिकाले मिति ..... को नगरसभाबाट पास गरेको नीति, कार्यक्रम र बजेट अनुसार मेयर उद्यमशीलता विकास कार्यक्रमको लागि विनियोजित रकमबाट सम्झौता भएको बैंकमा ५ (पाँच) वर्षका लागि जम्मा गरी खाता खोलिने छ । उक्त खाताबाट प्राप्त हुने ब्याजलाई "उद्यम व्यवसाय कर्जा ब्याज अनुदान शोध भर्ना" खातामा जम्मा गरि ब्याज भुक्तानीको व्यवस्था मिलाइने छ । "उद्यम व्यवसाय कर्जा ब्याज अनुदान शोध भर्ना" खातामा नपुग ब्याज रकम सम्बन्धित बैंक हरेक महिनाको २५ गते भित्र लिखित जानकारी नगरपालिकामा गराउनु पर्ने

छ । जसअनुसार अनुसार नगरपालिकाको तर्फबाट सोही महिनाको मसान्त भित्र नपुग रकम "उद्यम व्यवसाय कर्जा ब्याज अनुदान शोध भर्ना" खातामा जम्मा गरी भुक्तानी गरिने व्यवस्था मिलाइने छ ।

(२) बैंकले यस कार्यविधि बमोजिम प्रवाहित कर्जाको सदुपयोगिता एकिन गरी नगरपालिकाले सहुलियत कर्जाका लागि सिफारिश गरेका ऋणीहरुले प्राप्त गरेको ब्याज अनुदान बापतको रकम परिच्छेद—४ (१) बमोजिमको खाताबाट कट्टा गरि मासिक प्रतिवेदन नगरपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद—५

## कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी व्यवस्था

### ५. कर्जा वर्गीकरण तथा जोखिम सम्बन्धी व्यवस्थाः

(१) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कर्जाहरुको वर्गीकरण नेपाल राष्ट्र बैंकले बाणिज्य बैंकलाई जारी गरेको एकीकृत निर्देशन बमोजिम हुनेछ । प्रचलित कानुन, नेपाल राष्ट्र बैंकको नियमन र निर्देशनको परिधिभित्र रही यस्तो कर्जाको लगानी, अनुगमन तथा असुली सम्बन्धमा सम्बन्धीत वित्तिय संस्था तथा बैंकले स्पष्ट नीति र प्रक्रिया बनाई लागु गर्नु पर्नेछ ।

(२) ऋणीले साँवा ब्याज नियमित गरेको अवस्थामा सम्बन्धित वाणिज्य बैंकले नेपाल सरकारबाट पाउनु पर्ने ब्याज रकम समेत सोहीअवधिको ब्याज अनुदान आम्दानीमा गणना गर्न सकिनेछ । नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदान वापतको यस्तो रकमलाई पुँजीकोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शुन्य प्रतिशत जोखिम भार प्रदान गर्न सक्नेछन् ।

(३) विना धितो कर्जा प्रवाह गर्दा बढीमा दुई लाखसम्म ऋणीसँग संम्झौता भएको मितिले पाँच (पाँच) वर्षकालागिमात्र नगरपालिकाले सम्बन्धित बैंकलाई कर्जा सुरक्षण दिनेछ ।

# परिच्छेद—६

## उद्यम तथा व्यवसाय गर्ने ऋणिले कार्यविधि बमोजिम ब्याज अनुदान रकम प्राप्त गर्ने

**६. उद्यम तथा व्यवसाय गर्ने ऋणिले कार्यविधि बमोजिम ब्याज अनुदान रकम प्राप्त गरी सकेपछि गर्नुपर्ने कार्यः**

उद्यम तथा व्यवसाय कर्जामा ब्याज अनुदानको शोधभर्ना लिने प्रयोजनको लागि ब्याज अनुदान रकम प्राप्त गर्ने ऋणीले देहाय बमोजिम कार्यसर्त तथा दायित्व अनिवार्य पुरा गर्नु पर्नेछः—

(क) यस कार्यविधिमा तोकिएको प्रक्रिया बमोजिम ब्याज अनुदान सहितको उद्यमकर्जा लिनको लागि अनुसूचि—२ बमोजिमको ढाँचामा सम्बन्धित बैंक समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(ख) आफूले लिएको कर्जाको साँवा रकमको किस्ता समयमै बैंकसँगको सम्झौता बमोजिमको अवधिमा भुक्तानी गर्ने, कर्जा सुरक्षितगर्नका लागि बैंकले मागेका विवरण उपलब्ध गराउने र तोकेका सर्तहरुको पालना गर्नु पर्नेछ ।

(ग) जुन उद्देश्यको लागि कर्जा लिएको हो सोही उद्देश्यको लागिमात्र कर्जा प्रयोग गर्नु पर्नेछ । उक्तकर्जा सदुपयोग भएको नपाईएमा ब्याज अनुदान दिईने छैन । नगरपालिकाले भुक्तानी दिइ सकेको व्याज अनुदान समेत असुल उपर गरिने छ । बैंक तथा वित्तिय संस्थासँगको सम्झौता अनुसार तोकिएको समयमा कर्जा नतिर्ने व्यक्ति वा फर्मलाई बैंकको सिफारिसमा नगरपालिकाले कालो सूचीमा राखी जन्मदर्ता, मृत्युदर्ता र विवाह दर्ता वाहेकका अन्य सेवा तथा नगरपालिकाबाट उपलव्ध हुने सम्पूर्ण सेवा सुविधा एवं सिफारिसमा बन्देज लगाई कर्जाको सावाँ व्याज उठाउन बैंकलाई नगरपालिकाले सहयोग गर्नेछ ।

घ) नगरपालिकाले संचालन गरेको मेयर उद्यमशीता विकास कार्यक्रमबाट ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा लिनको लागि आफूले सञ्चालन गर्न लागेको उद्यम तथा व्यवसाय नगरपालिककामा नियमानुसार दर्ता गर्नु पर्नेछ ।

(च) नगरपालिकाले संचालन गरेको मेयर उद्यमशीता विकास कार्यक्रमबाट ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा लिनको लागि

नगरपालिकाद्वारा संचालन गरिने तालिम कार्यक्रममा अनिवार्य सहभागी भई तालिम सम्पन्न प्रमाण पत्र प्राप्त गरेको हुनु पर्नेछ ।

(छ) नगरपालिकाले सञ्चालन गरेको मेयर उद्यमशीता विकास कार्यक्रमबाट ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा लिने प्रयोजनका लागि नगरपालिकाको सिफारिस लिन निवेदन अनुसूची - २, पारिवारिक मञ्जुरीनामा अनुसूची - ३ र सामुहिक जमानी अनुसूची - ४ (अनुसूची— ३ र ४ बैंकबाट कर्जा स्वीकृत भएमा मात्र भर्नु पर्नेछ) मा उल्लेख भए बमोजिम नगरपालिकामा सम्बन्धित व्यक्तिहरुको नागरिकता सहित उपस्थित भई प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा फारम भरी बुझाउनु पर्ने छ ।

## परिच्छेद—७

## बैंक सँग सम्झौता तथा गर्नुपर्ने कार्यहरु

### ७. बैंकसँग संझौता तथा गर्नुपर्ने कार्यहरु

मेयर उद्यशीलता विकास कार्यक्रम संचालक समितिको सिफारिस बमोजिम सम्बन्धित उद्यम व्यवसायीहरुलाई सहुलियतपूर्ण कर्जा प्रदान गर्नु पर्नेछ । बैंकसँग संझौता गर्दा नगरपालिकाले विनियोजित गरेको उद्यमशीलता कोषको रकम सम्बन्धित बैंकमा ग्यारेन्टी स्वरुप नगरपालिकाको नाममा खाता खोली राखिने छ । अन्य संझतौहरु आपसी सहमतीका आधारमा तोकिए बमोजिम हुनेछन् । उद्यम व्यवसाय कर्जामा व्याज अनुदानको शोधभर्ना लिने प्रयोजनको लागी बैंकले गर्नुपर्ने कार्यहरु देहाय बमोजिम हुनेछः

(क) उद्यम व्यवसाय कर्जामा व्याज अनुदान रकम प्राप्त गर्ने गरी व्यावसायिक कर्जाको लागी निवेदन दिएमा प्राप्त निवेदन तथा विवरणका आधारमा विश्लेषण गरी कर्जाको सदुपयोग हुने आधारमा कर्जा प्रवाह गर्नु पर्नेछ । कर्जा प्रवाह गर्न नसकिने भएमा कर्जा लगानी गर्न नसकिने स्पष्ट कारण सहित उद्यमी तथा व्यवसायि र नगरपालिकालाई जानकारी दिनु पर्नेछ ।

(ख) संझौता बमोजिमको किस्ता नियमित नभएमा अनुसूची - ५ बमोजिम नगरपालिकालाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(ग) उद्यम व्यवसाय कर्जामा प्रदान गरिने व्याज अनुदान रकमको विवरण अनुसुचि - ६ मा उल्लेखित निवेदनको ढाँचामा ऋणिले अनुदान पाएको

ब्याज रकम सहित अरु किस्ता रकम असुल गरेको प्रमाण सहित नगरपालिकामा चौमासिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(घ) अनिवार्य रुपमा कर्जा सदुपयोगिता निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(ङ) सहुलियतपूर्ण कर्जा लगानी गरेको बैंकले नेपाल राष्ट्रबैंकले तोकेको सहुलियतपूर्ण कार्यविधि अनुसार हुने गरि मात्र ब्याज दर तोक्नुपर्नेछ ।

## परिच्छेद - ८

## समन्वय तथा अनुगमन समितिको गठन

८. **समन्वय तथा अनुगमन समितिको गठनः**

नगरपालिकाको सिफारिसमा उद्यम तथा व्यवसायमा सहुलियतपूर्ण कर्जामा प्रदान गरिने ब्याज अनुदान, कर्जा सुरक्षण सम्बन्धि कार्यको समन्वय तथा अनुगमन गर्न देहाय बमोजिमको समन्वय तथा अनुगमन समिति गठन हुनेछः

(क) उपप्रमुख, नगरपालिका — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका — सदस्य

(ग) सहकार्य गर्ने बैंकको शाखा प्रबन्धक — सदस्य

(घ) बैंकको ऋण शाखा हेर्ने प्रमुख, – सदस्य

(ङ) नगर प्रमुखले तोकेका वडा अध्यक्ष मध्येबाट २ जना — सदस्य

(च) मेयर उद्यमशील विकास कार्यक्रमका संयोजक — सदस्य

(छ) कार्यक्रम लागु भएको वडाको अध्यक्ष — सदस्य

(ज) कृषि तथा पुश सेवा शाखा प्रमुख — सदस्य

(ज) नगरपालिकाको उद्योग तथा उद्यमशिलता कार्यक्रम हेर्ने अधिकृत — सदस्य सचिव

## परिच्छेद—९

## समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार

९. **समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

(क) उद्यम व्यवसाय कर्जामा प्रदान गरिने ब्याज अनुदानसम्बन्धि व्यवस्थाको प्रभावकारी रुपमा कार्यन्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्नु पर्नेछ ।

(ख) कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउन तथा निर्देशिका तथा अनुसुचिको थप व्याख्या गर्नु

पर्ने भएमा मेयर उद्यमशीलता विकास कार्यक्रम संचालक समितिमा समस्या समाधानको लिखित राय सहित प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ग) कर्जाको सही सदुपयोग भए नभएको सम्बन्धमा मासिक प्रतिवेदन मेयर उद्यमशीलता विकास कार्यक्रम संचालक समितिमा पेश गर्नु पर्नेछ ।

(घ) समितिको बैठक कम्तिमा मासिक रुपमा र आवश्यकता अनुसार जुन सुकै बेला बस्नेछ ।

(ङ) समितिको वैठक भत्ता, सुविधा मेयर उद्यमशीलता विकास कार्यक्रम संचालक समितिले तोकि दिए बमोजिम हुनेछ ।

(च) व्याज अनुदान प्राप्त गरेका उद्यमी व्यवसायीहरुले काबु बाहिरको परिस्थिति उत्पन्न भई बैंकको किस्ता नियमित गर्न नसकेको र व्यवसाय समेत सुचारु हुन नसकेको व्यहोराको निवेदन प्रमाण सहित प्राप्त भएमा सो सम्बन्धमा अवस्था एकिन गरी राय सहितको प्रतिवेदन संचालक समितिमा पेश गर्ने ।

## परिच्छेद—१०

## गुनासो सम्बन्धी व्यवस्था

१०. **गुनासो सम्बन्धी व्यवस्थाः**

यस कार्यविधिको कार्यान्वयनका क्रममा बैंकले कर्जा प्रवाह नगरेको, व्यवसायीले सेवा सुविधा नपाएको तथा ऋणको सदुपयोग नभएको लगायतका गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडी बढाउने कार्य समेत समन्वय तथा अनुगमन समितिले गर्नेछ ।

## परिच्छेद—११

## कार्यविधिमा संशोधन

११. **कार्यविधिमा संशोधनः**

नगरपालिकाको कार्यपालिका बैठकले कार्यविधिको परिच्छेद, बुँदा तथा अनुसुचिमा आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्न सक्नेछ ।

## परिच्छेदः १२

## विविध

१२. **लेखा परीक्षणः** (१) कार्यविधिको कार्यक्रमसँग सम्बन्धित लेखा परीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

## १३. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u>

यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा कुनै द्विविधा वा बाधा अड्चन परेमा  वा अन्य आवश्यक निर्णय र ब्यवस्था गर्नु परेमा मेयर उद्यमीशलता सञ्चालक समिति मार्फत उल्लेखित विषयमा आवश्यक निर्णय गरी त्यस्तो बाधा अड्चन फुकाउन र कार्यविधिको आवश्यक संशोधन गर्नु पर्ने भए निर्णय गरी कार्यपालिकाको बैठकमा पेश गर्न सक्नेछ । यस कार्यविधिमा लेखिएका कुराहरु यसै बमोजिम र यसमा नलेखिका कुराहरु नगरपालिकाको नगरकार्यपालिकाको बैठकको निर्णय अनुसार हुनेछ ।

## १४. <u>बचाउ र खारेजीः</u>

यो कार्यविधि खारेज भएको खण्डमा पनि यस बमोजिम भए गरेका कामकार्वाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**आज्ञाले,**
**सुमन अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. १५/-

## अनुसुची —१
## (परिच्छेद—३ को (१) सँग सम्बन्धित)

**(क) ब्यवसायिक कृषि तथा पशुपन्छी कर्जाः**

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
२. बीउ बिजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
३. वनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा बागवानी,
४. पशुपन्छीपालन,
५. अष्ट्रिच, टर्की र हाँसपालन, सोको मासु एवं अण्डाको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,
६. फलफूल उत्पादन, उत्पादित फलफूलको प्रशोधन, भण्डारण र बिक्री वितरण,
७. दुग्ध उत्पादन, प्रशोधन र बिक्री वितरण,
८. मत्स्यपालन, उत्पादित माछाको भण्डारण तथा बिक्री वितरण,
९. च्याउ उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
१०. पशुवधशाला, मासुजन्य उत्पादन, सोको भण्डारण, प्रशोधन तथा बिक्री वितरण,
११. जडिवुटी उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
१२. उखु, कफी, चिया, अलैची, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, अल्लो, लोक्ता खेती तथा यिनीहरुको भण्डारण, प्रशोधन र बिक्री वितरण,
१३. मौरी पालन व्यवसाय,
१४. जौ, फापर, सिलामको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१५. प्राङगारिक तथा जैविक मल,
१६. पशुपन्छीजन्य दाना उद्योग,
१७. कपास, ऊन, रेसम खेती÷उत्पादन, प्रशोधन र बिक्री वितरण,
१८. भेडा, च्याङ्ग्रा र चौरी लगायतबाट ऊनको उत्पादन, प्रशोधन र बिक्री वितरण,
१९. नेपाल सरकारले समय समयमा थप गरेका अन्य कृषि तथा पशुपन्छीजन्य व्यवसायहरू ।

**(ख) शिक्षित युवा स्वरोजगार कर्जा, (ग) बैदेशिक रोजगारीबाट फर्केका युवा परियोजना कर्जा र (घ) महिला उद्यमशीलता कर्जाः**

**देहायका व्यवसाय तथा उद्यमहरूको लागि प्रवाह हुनेछ ।**

**(१) <u>कृषि व्यवसाय (उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण)</u>**

(क) खाद्यान्न, नगदे बाली, तरकारी, फलफुल तथा जडिवुटीः

(क) खाद्यान्न, नगदे बाली, तरकारी, फलफुल तथा जडिवुटीः

- धान, गहुँ, मकै, कोदो, जौ, तोरी, सस्र्यू, केराउ, चना, भटमास आदि ।
- चिया, अलैंची, सूठो, सुपारी, नरिवल, कपास, अल्लो, अम्रिसो, बाबियो, उखु, रबर, अदुवा,
- बेसार, सूर्यमुखी, मरीच जस्ता मसला आदि । लसुन, प्याज, आलु, काउली, बन्दा, परवलकुरिलो, भण्टा, चम्सुर, पालुंगो, रायो, ब्रोकाउली,
- गोलभेंडा, च्याउ, बोडी, सिमी, फर्सी, गाजर, मुला, खोर्सानी, पिंडालु, इसकुस, धनियाँ, तरुल, घिरौंला आदि ।आँप, सुन्तला, स्याउ, अनार, दारिम, अम्बा, कागती, निबुवा, भोगटे, ज्यामीर, लप्सी, लिची,
- कटहर, भूइँकटहर, अङ्गुर, हलुवाबेद, मेवा, केरा, खुर्पानी, वयर, सतीवयर, अमला, विभिन्न किसिमका फूल खेती, (टिस्यूकल्चर, बीउ तथा बेर्ना उत्पादन समेत) आदि । नेपाल सरकारको सम्बन्धित निकाय वा जडिबुटी उत्पादन वा प्रशोधन कम्पनीले तोकेका सबैकिसिमका जडिबुटी उत्पादन (प्रचलित कानुनले बन्देज लगाएका बाहेक) आदि ।

**(ख) <u>पशुपन्छी पालनः</u>**

- गाई, गोरु, भैंसी, राँगो, बङ्गुर, सुँगुर, खरायो, चौरी, याक, नाक, भेडा, बाख्रा, थुमा, खसी,
- वाच्छा—बाच्छी, पाडा—पाडी, घोडा, गधा, खच्चर र आर्थिक उपार्जनका लागि पालिने अन्य पशुहरु । कुखुरा, हाँस, परेवा, लौकाट, बट्टांई र आर्थिक उपार्जन गर्नका लागि पालिने अन्य पन्क्षीहरु ।
- व्यवसायिकरुपले गरिएको मत्स्यपालन, मौरीपालन, रेशम किरा पालन आदि ।

**(ग) <u>सिंचाई तथा सिंचाई उपकरणः</u>**

- कृषि उत्पादन वृद्धि गर्न सघाउ पुऱ्याउने गरी कृषकहरुले एक्लै वा सामूहिकरुपमा निर्माण गर्ने

- कुलो, नहर, नल, हातेनल, क्याप्टिभ जेनरेटर, स्प्रिंकलर, पम्पसेट, रोअर पम्प आदि ।

(घ) <u>कृषि औजार वा संयन्त्रः</u>

थ्रेसर, ग्रिंडर, आधुनिक हलो, कुटो, कोदालो, कोदाली, हँसिया, खुर्पा, खन्ती, ट्याक्टर, ट्रेलर आदि ।

(ङ) <u>वन विकास तथा चरन विकासः</u>

- नर्सरी स्थापना र विकास, निजी एवं सामुदायिक वृक्षारोपण, वन विकासका लागि प्रयोग हुने
- मलखाद, कृषि वन प्रणालीको विकास र विस्तार, चरन विकास आदि।

(च) <u>जग्गा विकास र भू—संरक्षणः</u>

- जमीन सुधार, तार—बार, जाली, पर्खाल आदि ।

(छ) <u>प्रचलित कानुनले बन्देज गरिएका बाहेकका अन्य कृषि उत्पादनहरु तथा कृषिजन्य व्यवसायहरु ।</u>

(२) **उद्योग व्यवसायः**

हाते एवं खुट्टे तान, अर्धस्वचालित तान, वार्पिङ्ग, रङ्गाई, छपाई, सिलाई, बुनाइ, राडी, पाखी, ऊनी गलैंचा, पश्मिना, ऊनी पोशाक, सिकर्मी कार्य, काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य, वेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य, प्राकृतिक रेशाबाट विभिन्न वस्तुहरुको निर्माण कार्य, हाते कागज उत्पादन, सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य, गहना एवं मुर्ति बनाउने कार्य, मह, च्यूरी, अलैंची एवं चिया प्रशोधन कार्य, सेरामिक्स एवं कुमालेको पेशागत कार्य, छाला सम्बन्धी पेशागत कार्य र ट्यानिङ्ग छाला, हाड, सिङ्ग तथा ढुङ्गाबाट तयार हुने वस्तुहरुको उत्पादन, चित्रकला, कागजबाट बनेका सामान, धुप, पुतली, खेलौना र प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषा गरेका सम्पूर्ण उद्योगहरु ।

(३) **सेवा व्यवसायः**

(क) स्वास्थ्य सम्बन्धी सेवा व्यवसायहरुः स्वास्थ्य परीक्षण प्रयोगशाला, प्राकृतिक तथा आयुर्वेद चिकित्सा केन्द्र आदि संचालन, शिशु स्याहार केन्द्र, औषधी पसल ।

(ख) पशुपक्षी सम्बन्धी चिकित्सा व्यवसायहरुः पशु चिकित्सा सम्बन्धी स्वास्थ्य परीक्षण तथा औषधी पसल, पशु आहारा खरिद बिक्री आदि ।

(ग) कृषि एवं औद्योगिक उत्पादन वृद्धिमा सघाउ पुऱ्याउने सेवा व्यवसायहरुः कृषि सामाग्री, बेचबिखन, कृषि उपज वेच विखन, औद्योगिक कच्चा पदार्थको खरदि बिक्री आदि।

घ) सिप एवं स्वरोजगारमूलक व्यवसायहरूः
फोटोकपी, कम्प्युटर सञ्चालन, मर्मतशाला (टेम्पो, बस, मिनीबस, माईक्रोबस, ट्रक, मिनीट्रक, डेलिभरी भ्यान, कार, जीप, रिक्सा, रेडियो, फोटोकपी, कम्प्युटर, टि.भी., टेलिफोन, घडी आदि), सिलाई, बुनाई, केश श्रृङ्गार, सिकर्मी, डकर्मीको सेवा, दैनिक उपभोगका सामान खरिद बिक्री, पुस्तक, स्टेशनरी एवं अन्य शैक्षिक सामग्रीको खरिद बिक्री, चिया तथा चमेना पसल, घरजग्गाको नक्सा तयार गर्ने, मूल्याङ्कन गर्ने, कानुनी सेवा, अनुसन्धान, परामर्श, खानेपानी वितरण र सरसफाईसँग सम्बद्ध व्यवसायहरु नेपाली तथा राष्ट्रिय भाषामा चलचित्र निर्माण तथा प्रदर्शन, बाल—उद्यान, खेलकुद आदि ।

(ङ) पर्यटन सम्बन्धी व्यवसायहरुः होटेल, मोटेल, रेष्टुरेण्ट, ट्राभल एजेन्सी, ट्रेकिङ्ग, ऱ्याफटिङ्ग आदि ।

(च) सञ्चार सम्बन्धी व्यवसायहरुः टेलिफोन, फ्याक्स, ई—मेल—इन्टरनेट, भिडियो कन्फरेन्सिङ्ग, टेलिकन्फरेन्सिङ्ग आदि ।

(छ) यातायात सेवा सम्बन्धी व्यवसायहरूः रिक्सा, ठेलागाडा, एक्का (घोडासहित) आदि।

(ज) प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानुनले तोकेका अन्य सेवामूलक व्यवसायहरु।

(४) **अन्य व्यवसायः**

मूल्य अभिबृद्धि हुने व्यवसाय जस्तै रेडियो, घडि, टेलिभिजन, कम्प्यूटर, आधुनिक बत्ती, टर्च, लाइटर, इम्ब्राइडरी, तयारी पोशाक आदि ।

सूचना प्रविधिः कम्प्युटर सफ्टवेयर एवं हार्डवेयर सम्बन्धी व्यवसाय ।

विविधः खुद्रा पसल, आवास निर्माण, सौर्य बत्ती, धारा वाथरुम तथा शौचालय निर्माण ।

प्रचलित कानुनले बन्देज लगाए बाहेकका अन्य व्यवसायहरु ।

**(ङ)  दलित समुदाय व्यवसाय विकास कर्जाः**

नेपाल सरकारले दलित समुदायलाई सामूहिक जमानीमा उपलब्ध गराउने सहुलियतपूर्ण कर्जाका लागि योग्य व्यवसायहरूः

१. परम्परागत बजाउने बाजा निर्माण तथा खरिद गर्न,
२. सिलाई कटाई, सिलाई कटाई तालिम संचालन, सिलाई मेशिन खरिद गर्न,
३. परम्परागत आय आर्जनका पेशाहरु,
४. फलाम, कोइला आदि वस्तु खरिद बिक्री गर्न, आरन बनाउन चाहिने सामाग्री खरिद तथा निर्माण गर्न, आरनको लागि यन्त्रशाला निर्माण गर्न,
५. जुत्ता बनाउनको लागि चाहिने कच्चा पदार्थ, प्रशोधित छाला, जुत्ता, चप्पल, ब्याग आदि बनाउन कच्चा पदार्थ खरिद एवं प्रशोधन र उत्पादित वस्तुहरु विक्री गर्न,
६. परम्परागत सुन चाँदीका गहना एवं भाँडाकुँडा बनाउने पसल तथा सोसँग सम्बन्धित कालीगढी सेवा,
७. सरसफाइ पेशाको लागि चाहिने सामानहरु खरिद गर्न,
८. आफ्नो पुख्यौली पेशालाई निरन्तरता दिनको लागि चाहिने कच्चा पदार्थ खरिद गर्न, वस्तु तथा सेवा बिक्री गर्न, ब्यवसायको लागि सामूहिक यन्त्रशाला निर्माण गर्न,
९. नेपाल सरकारले समय समयमा तोकेका अन्य पेशाहरु ।

**(च)  उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जाः**

आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि कर्जाका लागि योग्य क्षेत्रहरूः

१. नेपाल सरकारले तोकिदिएका विषयको उच्च शिक्षा,
२. स्वास्थ्यसँग सम्बन्धित विषयहरु एम.वि.वि.एस, आयुर्वेद चिकित्सा, वि.डि.एस, वि.पि.एच, फार्मेसी, नर्सिङ लगायतका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,
३. इन्जिनियरिङसँग सम्बन्धित विषयहरु जस्तै सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, जियोमेट्रिक्स, मेकानिकल, कम्प्युटर आदिका स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

४. पशु विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

५. कृषि विज्ञानसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु,

६. अन्य प्राविधिक विषयहरुसँग सम्बन्धित स्नातक वा सो भन्दा माथिल्लो तहका विषयहरु ।

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. १५/-

## अनुसुची–२
## (परिच्छेद ६ को "छ" सँग सम्बन्धित)
## (ऋणीले व्याज अनुदान सहितको व्यवसाय कर्जाका लागी बैंकमा दिने निवेदनको ढाँचा)

"सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिमको ........................................... कर्जाका लागि ऋणीले बैंकमा दिने निवेदनको ढाँचा

मितिः २०८०../.../...

श्री ................................ बैंक लि.

............................................ ।

**विषयः ब्याज अनुदान सहितको ........................... कर्जा बारे ।**

महाशय,

उपर्युक्त सम्बन्धमा नेपाल सरकारले जारी गरेको "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिम .............................कर्जा उपभोग गर्नका लागि मलाई/मेरो (फर्म, कम्पनी, संस्था) .......................................................लाई ...................... प्रयोजनका लागि कर्जा प्रदान गरिदिन हुन यो निवदेन पेश गरेको छु । साथै, त्यस बैंकले तोकेका कागजात तथा विवरण समेत यसै निवदेन साथ संलग्न गरी पेश गरेको छु/छौं । मैले/हामीले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएका सर्तहरुको अधीनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको साँवा तथा ब्याज समयमै भुक्तानी गर्नेछु । यदि नेपाल सरकारले व्याज अनुदान कार्यक्रम रोक्का वा हटाएमा अनुदान स्वरुप पाएको व्याज म आफैंले तिर्नेछु ।

नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

फर्म, कम्पनी, संस्था, उद्योग भए,

नामः

छापः

ठेगानाः

सम्पर्क टेलिफोन नं.

इमेलः

## अनुसुची—३

## (परिच्छेद ६ को "छ" सँग सम्बन्धित)

## नगरपालिकाले सञ्चालन गरेको मेयर उद्यमशीलता विकास कार्यक्रमबाट ब्याज अनुदान सहितको उद्यम व्यवसाय कर्जा सम्बन्धमा नगरपालिकाको सिफारिस लिनको लागि सम्बन्धित ऋणिले नगरपालिकामा दिनु पर्ने निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
काठमाडौं ।

**विषय — व्याज अनुदान सहितको उद्यमशिलता कर्जाका लागि सम्बन्धित बैंकलाई सिफारिस पाउँ भन्ने बारे ।**

महोदय,

१. उपर्युक्त सम्बन्धमा नागार्जुन नगरपालिकाद्वारा संचालित मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका—२०८० र सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि,२०८० बमोजिम कर्जा प्राप्त गर्नका लागी म/हामी (फर्म, कम्पनी, संस्था ) .............. लाई......................... प्रयोजनका लागी कर्जा प्राप्त गर्नका लागि सम्बन्धित ............................ बैंकलाई सिफारिस गरिदिन हुन यो निवेदन पेश गरेको छु/छौ ।

२. नगरपालिकाले तोकेका कागजात तथा विवरण समेत यसै निवेदन साथ संलग्न गरी पेश गरेका छु/छौं । मैले / हामीले प्रचलित कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएका, नियमन, निर्देशन र परिपत्र तथा धनी बैंकबाट तोकिएको सर्तहरुको अधिनमा रही कर्जाको सही सदुपयोग गरी कर्जाको सावाँ समय मै बैंकसँगको सम्झौता बमोजिम भुक्तानी गर्नेछु/छौं ।

३. नगरपालिकाद्वारा जारी गरिएका मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका - २०८० र सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि,२०८० को अक्षरसः पालना गर्ने छु/छौं । यदि पालना नगरेको ठहर भएमा उपर्युक्त निर्देशिका तथा कार्यविधि बमोजिम सहुंला बुझाउंला ।

निवेदकको नामः

ठेगानाः

सम्पर्क टेलिफोन नं:

इमेलः

फर्म, कम्पनी, संस्था, उद्योगको नामः

छापः

ठेगानाः

सम्पर्क टेलिफोन नं:

इमेलः

मितिः

**पेस गर्नु पर्ने कागजातहरुः**

१. उद्योग व्यवसाय दर्ता प्रमाण पत्र, प्यान नम्बर, नविकरण गर्नु पर्ने भए नवीकृत प्रमाणपत्र ।

२. प्रबन्ध पत्र, नियमावली (भएमा) ।

३. नगरपालिका वा अन्य कुनै निकायद्वारा संचालित आधारभूत तालिम प्राप्त गरेको प्रमाण पत्र ।

४. नागरिकताको प्रमाण पत्र ।

५. उद्यम व्यवसाय सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी स्किम ।

६. आवश्यकता अनुसार तोकिएका अन्य कागजपत्रहरु ।

## अनुसुची –४

## (परिच्छेद ६ को "छ" सँग सम्बन्धित)

## पारिवारिक मञ्जुरीनामाको नमुना

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
हरिसिद्धि, काठमाण्डौ ।

**विषयः मञ्जुरीनामा सम्बन्धमा ।**

हाम्रो एकाघर संगोल परिवारका सदस्य .......................................ले नगरपालिकामा दिएको निवेदन अनुसार मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका - २०८० र सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० बमोजिम तोकिएको क्षेत्रमा ...................... व्यवसाय संचालन गर्नका लागि ..................... बैंकबाट रु...................... (अक्षरमा....................................... रुपैया मात्र) ऋण लिई व्यवसाय गर्न लिएको ऋण तोकिएको समयमा किस्तागत रुपमा फिर्ता नगरेमा नियमानुसार तिर्नुपर्ने साँवा, व्याज, किस्ता, जरिवाना एकमुष्ट रुपमा हामी एकाघरका परिवारका सदस्यहरुले तिर्न राजीखुसी छौ । साथै उक्त रकम तिर्न नसकेमा हामी एकाघर संगोल परिवारको चल, अचल सम्पत्ति वा जायजेथाबाट कट्टा गरी लिएमा पछि कुनै किसिमको उजुर/बाजुर/दावी/विरोध गर्ने छैनौं । यदि सो कार्य गरेमा यसै मञ्जुरीनामा बदर गरी कानुन बमोजिम भएमा हामी मञ्जुर छौं भनी यो मञ्जुरीनामा लेखि लेखाई सहि छाप गरिदियौ ।

| क्र.सं. | नाम, थर | ठेगाना | नाता | दस्तखत | दा.वा.ल्याप्चे |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. १५/-

रोहवरः

हस्ताक्षरः

नाम, थरः

पदः छापः

मितिः

ईति सम्बत् २०........साल ..........महिना..........गते रोज.......शुभम्.............

## अनुसुची –५

## (दफा ६ को खण्ड "छ" सँग सम्बन्धित)

## सामुहिक जमानीको नमुना

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
हरिसिद्धि, काठमाण्डौ ।

**विषयः सामुहिक जमानी सम्बन्धमा ।**

तपशीलतमा उल्लेखित ................समुहका सदस्यहरुले नगरपालिकामा दिएको निवेदन अनुसार मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका - २०८० र सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० बमोजिम तोकिएको क्षेत्रमा ..........................................व्यवसाय संचालन गर्नका लागि .................. बैंक तथा वित्तिय संस्थाबाट रु............ (अक्षरुपी..................................रुपैया मात्र) ऋण लिई उद्यम व्यवसाय गर्न लिएको ऋण तोकिएको समयमा किस्तागत रुपमा फिर्ता नगरेमा तिर्नुपर्ने साँवा, किस्ता, जरिवाना एकमुष्ट रुपमा हामी समुहका सदस्यहरुले तिर्न राजीखुसी छौ साथै उक्त रकम तिर्न नसकेमा हाम्रो समुहको तथा हामी समुहमा रहेका सदस्यको चल, अचल, जाय, जेथाबाट कट्टा गरी लिएमा पछि कुनै किसिमको उजुर/बाजुर/दावी/विरोध गर्ने छैनौं । यदि सो कार्य गरेमा यसै मञ्जुरीनामा बदर गरी कानुन बमोजिम भएमा हामी मञ्जुर छौं भनी यो मञ्जुरीनामा लेखि लेखाई सहिछाप गरिदियौं ।

**तपसिल**

| क्र.सं. | नाम, थर | ठेगाना | नाता | दस्तखत | दा.वा.ल्याप्चे |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोटः** पारिवारिक मञ्जुरीनामा समूहका प्रत्येक व्यक्तिको अनुसूची—४ बमोजिम उपलव्ध गराउनु पर्नेछ ।

रोहवरः

हस्ताक्षरः नाम, थरः

पदः छापः मितिः

## अनुसुची—६
## (परिच्छेद ७ को "ख" सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
हरिसिद्धि, काठमाण्डौ ।

**विषय - व्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित किस्ता भुक्तानी नभएका कर्जाको विवरण ।**

महोदय,

नागार्जुन नगरपालिका मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका—२०८० र सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि—२०८० ले गरेको व्यवस्था अनुसार यस बैंकले विभिन्न शीर्षकमा प्रवाह भई नियमित किस्ता भुक्तानी नभएका कर्जाको विवरण देहाय बमोजिम रहेको छ ।

नियमित नभएका कर्जाको विवरण

ऋणीको नाम

कर्जा शीर्षक

कर्जा प्रवाह मिति

कर्जा सावाँ बक्यौता (रु)

कर्जा भुत्तानी मिति

यस अवधिमा ऋणीबाट असुल हुनुपर्ने साँवाको किस्ता रकम (रु........... )

व्याज अनुदानको रकम ( रु................)

कुल पाउनुपर्ने जम्मा रकम रु ......... अक्षेरुपी रु.............................

बैंकले कर्जा नियमित गर्न गरेको प्रयासको विवरणः

..........................................................................................................................

.................... बैंकको तर्फबाट

दस्तखतः

नामः पदः छाप

विभाग/ कार्यालयः मितिः

## अनुसुची—७

## (दफा ७ को खण्ड "ग" सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
नागार्जुन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
हरिसिद्धि, काठमाण्डौ ।

**विषय — व्याजमा अनुदान अन्तर्गत प्रवाह भई नियमित किस्ता भुक्तानी भएका कर्जाको विवरण ।**

महोदय,

नागार्जुन नगरपालिका मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका - २०८० र सहु लियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०८० ले गरेको व्यवस्था अनुसार यस बैंकले विभिन्न शीर्षकमा प्रवाह भई नियमित किस्ता भुक्तानी भएका कर्जाको विवरण देहाय बमोजिम रहेको छ ।

नियमित नभएका कर्जाको विवरण
ऋणीको नाम
कर्जा शीर्षक
कर्जा प्रवाह मिति
कर्जासाँवा बाँकी (रु)
कर्जाको साँवा भुत्तानी मितिः
यस अवधिमा ऋणीबाट असुल गरिएको साँवाको किस्ता रकम (रु........... )
व्याज अनुदानको प्राप्त रकम ( रु................)
कुल प्राप्त गरेको रकम रु ......... अक्षेरुपी रु..............................
.................... बैंकको तर्फबाट
दस्तखतः
नामः
पदः
छापः विभाग/ कार्यालयः मितिः

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. १५/-

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. १५/-

नागार्जुन नगरपालिकाद्वारा मुद्रित रु. १५/-